आज मिति २०८१/०३/२३ गते आईतावारका दिन यस जिरी नगरकार्यपालिकाको १०४ औं वैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतमा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पाखीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिमुलु शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | |
| १४ | रोम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | |
| १६ | सुसा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | विर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ साङ्गे शेर्पा | साङ्गे शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

अन्य उपस्थिति

१) मान बहादुर जिरेल - प्रशासन शाखा प्रमुख

२) प्रदीप ढकाल - आर्थिक प्र. शाखा प्रमुख

३) विमल कुमार ढकाल - योजना शाखा

## १०४ औं नगर कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय नं. १** जिरी नगर कार्यपालिकाको १०३ औं वैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे बैठकमा जानकारी गराई समीक्षा गरियो।

**निर्णय नं. २** यस जिरी नगरपालिकाबाट चालु आ.ब. २०८०/०८१ मा सम्पन्न भएका योजना तथा कार्यक्रमको नगर स्तरीय योजना तथा अनुगमन समितिबाट अनुगमन भई पेश भएको प्रतिवेदन उपर छलफल गरियो। साथै चालु आ.ब. मा सम्पन्न भएका सबै योजना तथा कार्यक्रमहरू फरफारक गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** यस नगरपालिकाबाट चालु आ.व. २०८०/०८१ मा ठेक्का लगाइएका देहायका योजनाहरूको सम्बन्धित निर्माण व्यवसायीको म्याद थप निवेदन र प्राविधिक सिफारिसको आधारमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (२) बमोजिम २०८१ आश्विन मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

क) गाई आनुवांसिक स्रोत केन्द्र जिरी अस्पताल हुँदै वडा नं. ५ को कार्यालय जाने बाटो कालोपत्रे योजना
ख) जिरी हाटडाँडा माथिल्लो सिक्रि वडा कार्यालय वडा नं. ७ जिरी धनमाले वडा नं. ८ ओडारे तल्लो भुसुने हुँदै वडा नं ९ को कार्यालय जोड्ने सडक

**निर्णय नं. ४** यस नगरपालिकाको चालु आ.ब. २०८०/०८१ को ठेक्का सम्झौता भएको बाघखोर डल्लेमाने चेर्दुङ्ग जिरी-४ योजनामा प्राविधक पुष्ट्याईको आधारमा प्राविधिक शाखाबाट पेश भए बमोजिम भेरियशन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** यस नगरपालिकाको आ.ब. २०८०/०८१ को तेस्रो चौमसिक अवधिको सार्वजनिक सुनुवाई एवम् हालै सम्पन्न नगर सभाको समिक्षा सहित नगरसभाबाट पारित आ.ब. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट पुस्तिका सार्वजनिक कार्यक्रम यहि मिति २०८१।०३।२७ गते विहान ११ बजे जिरी माध्यामिक विद्यालयको सभाहलमा आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** नगर महिला मन्च जिरीद्धारा यस नगरपालिकाको सहयोगमा संचालन गर्दै आएको होजियारी उद्योग व्यवसायिक रुपमा संचालन गरी विद्यालयका विद्यार्थी एवम् स्थानीय स्तरको माग बमोजिम होजियारी उत्पादन एवम् आन्तरिक रोजगारी सृजनामा सहयोग पुऱ्याउन उद्योग संचालका लागि आवश्यक व्यवस्थापनको लागि महिला सशक्तिकरण तथा मागमा आधारित शीर्षकबाट रु.३,००,०००।– (तीन लाख रुपैया मात्र) नगर महिला मन्चलाई संचालन अनुदान उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ७** यस नगरपालिकाको वडा नं. २ र वडा नं ७ मा वडा समितिको निर्णय बमोजिम देहायका व्यक्तिलाई सम्बन्धित वडा समितिबाट अनुगमन एवम् अनुदान उपलब्धी निगरानी हुने गरी पशु र कृषि क्षेत्रमा महिला आय-आर्जन कार्यक्रम सञ्चालन (प्रति वडा रु.२ लाख समेतका दरले) शीर्षकबाट कृषि/पशु व्यवससाय प्रवर्धन अनुदान उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल**

| क्र स | नाम | वडा नं | व्यवसाय | रकम |
|---|---|---|---|---|
| १ | चन्द्रमाया जिरेल | वडा नं. ७ | भैसिपालन | ६६,६६६।- |
| २ | दालमु शेर्पा | वडा नं. ७ | भैसिपालन | ६६,६६६।- |
| ३ | पशुपति नेपाली | वडा नं. ७ | भैसिपालन | ६६,६६६।- |
| ४ | राधिका बुढाथोकी | वडा नं. २ | स्थानीय जातको कुखुरा पालन | १,००,०००।- |
| ५ | लमु शेर्पा | वडा नं. २ | स्थानीय जातको कुखुरा पालन | १,००,०००।- |

CS CamScanner

**निर्णय नं. ८** यस नगरपालिकाबाट स्वीकृत नगरगानको संगित तथा गायन कार्यको अडियो गीत निर्माण गरे वापत ग्लोवल कनेक्सन मिडिया प्रा.लि. काठमाण्डौँलाई सेवा र परामर्श शीर्षकबाट विल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ९** दोलखा वुद्धिचाल संघको अनुरोध बमोजिम एसियन एमेच्योर बुद्धिचाल प्रतियोगिता २०२३ मा सहभागी खेलाडीहरूको यातायात खर्च वापत अन्य संस्था सहायता शीर्षकबाट रु.५०,०००।– (पचास हजार) रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०** वर्षातको समयमा सडकमा हुने अवरोध व्यवस्थापन गर्ने यस नगरपालिकाको दैनिक सार्वजनिक आवतजावत हुने मुख्य सडकहरू जिरी माली श्यामा सडकमा ४ जना, हाटडाँडा फुल्पिङ्ग झाँक्रे सडकमा २ जना र खावा लहेमाने चिपचिपे सडकमा २ जना गरी जम्मा ८ जना २०८१ श्रावण र भाद्र महिना भरी सम्बन्धित वडा अध्यक्षहरु मार्फत सडक सरसफाई कर्मी परिचालन गर्ने र उक्त सडक सरसफाई कर्मीहरूलाई मासिक रु.१५,०००।– (पन्ध्र हजार) नगरस्तरीय सडक सरसफाई शीर्षकबाट पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ११** यस जिरी नगरपालिका वडा नं. ८ पखेरेमा भएको आगलागी पिडित चन्द्र माया कार्कीलाई अन्य संस्था सहायता शीर्षकबाट रु.१०,०००।– (दश हजार) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १२** जिरी नगरपालिकामा संचालनमा रहेका पोषण पुनस्थापना केन्द्रको लागि आ.ब.२०८१/०८२ को बजेटमा हाल सम्म प्रविष्टि भएको नदेखिएको हुँदा उक्त पुनस्थापना केन्द्र संचालन निरन्तरताको लागि नेपाल सकार स्वास्थ्य मन्त्रालय एवम् बागमती प्रदेश, स्वास्थ्य मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १३** यस जिरी नगरपालिकाबाट जग्गा वर्गीकरण गर्दा भुलबस जिरी नगरपालिका वडा नं. ८ (साविक ठूलोपातल वडा नं. ५ को ) को श्री भीम बहादुर सुनुवारको नाममा दर्ता नापि कित्ता नं. ३१ मा नीजी आवादी हुनु पर्नेमा सार्वजनिक जनिन गएको हुँदा उक्त कित्ता निजी आवादी कायम गरी संसोधन गरी मालपोत कार्यालय र नापी कार्यालयमा अभिलेख अध्यावधिक गरी दिन अनुरोध गर्ने निर्णय गरियो।

CamScanner